त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .....

मिति: २०८०/०३/२७

BCA कार्यक्रम अन्तर्गत चौथो, छैटौं र आठौं सेमेस्टरको सत्रान्त परीक्षाका निमित्त अनलाइन फाराम भर्ने सम्बन्धी जरुरी सूचना!

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०१८ को आठौं सेमेस्टर, शैक्षिक वर्ष २०१९ को छैटौं सेमेस्टर र शैक्षिक वर्ष २०२० को चौथो सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८० साल भाद्र दोस्रो हप्ताबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८० साल श्रावण २१ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८० साल श्रावण ०१ गतेदेखि २१ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८० साल श्रावण २८ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- प्रयोगात्मक परीक्षा तथा Viva २०८० साल श्रावण ०१ गते देखि १९ गतेभित्र सम्बन्धित क्याम्पस/कलेजमा नै सञ्चालन हुने छ । प्रयोगात्मक परीक्षा शुल्क रू. १५००/- निर्धारण गरिएको छ । प्रयोगात्मक परीक्षाको

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

चलानी नं. .....

प्राप्ताङ्क बाह्य परीक्षकले हस्ताक्षर गरी परीक्षा सम्पन्न भएको चार दिनभित्र डीन कार्यालयमा बुझाउनु पर्ने छ ।

- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८० साल श्रावण २३ गतेभित्र र दोब्बर दस्तुरको हकमा श्रावण २९ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ ।
- विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू **(विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू)** को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८० साल श्रावण ३२ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८० साल भाद्र ०७ गतेपछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np